तुर्माखाँदगाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY

# गाउँकार्यपालिकाकोकार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तुर्माखाँद,अछाम,सुदूरपश्चिमप्रदेश,नेपाल
Turmakhand, Achham, Sudurpaschim, Province,Nepal

CP: 9851424001
V- CP : 9851424002
CAO: 9851424003
ITO: 9851424004

प.सं.२०८१/०८२
च.नं. ...............

मितिः २०८२/०३/३०
ने.स.११४५दिल्लागा ४ सोमबार

सूचना ! सूचना !! सूचना !!!

## सामाजिक सुरक्षा भत्ताका लागि नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषय सम्बन्धमा सामाजिक सुरक्षा नियमावली २०७६ (दोस्रो संशोधन सहित ) को नियम ( ९) को उपनियम (१) "नियम ८ बमोजिमको परिचयपत्र प्रत्यक आर्थिक वर्षको भाद्र मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ " भन्ने साविकको व्यवस्थामा संशोसधन भई भदौ मसान्त सम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र आ. व. २०८२/०८३ देखि सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना अनुसार बायोमेट्रिक रुजु गर्नु पर्ने भएकोले बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने,असक्त, असहाय अथवा ९० वर्षभन्दा माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन बाधा नपर्ने र अन्य व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हुँदा सोही अनुसार यस तुर्माखाँद गाउँपालिका वडा १ देखि ८ सम्म सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको " २०८२ श्रावण १ गते देखि भाद्र मसान्त सम्म " आ-आफ्नो वडा कार्यालयमा तपसिलका कागजात सहित स्वयम् उपस्थित भई आ .व. २०८२/०८३ का लागि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न/ गराउन हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिन्छ ।

लोकेन्द्र बहादुर साउँद
सा.सु तथा पञ्जीकरण शाखा प्रमुख

धर्मराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

# तुर्माखाँदगाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY
# गाउँकार्यपालिकाकोकार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तुर्माखाँद,अछाम,सुदूरपश्चिमप्रदेश,नेपाल
Turmakhand, Achham, Sudurpaschim, Province,Nepal

CP: 9851424001
V- CP : 9851424002
CAO: 9851424003
ITO: 9851424004


प.सं.२०८१/०८२
च.नं. ................

मिति: २०८२/०३/३०
ने.स.११४५दिल्लागा ४ सोमबार

## आवश्यक कागजातहरु

| क्र.स. | वर्ग | आवश्यक कागजात |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य र दलित | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ हालसालै खिचेको पासपोर्ट साईज एक प्रति फोटा<br>➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणको लागि निवेदन ( अनुसूची ४ )<br>➢ राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुप्रने छ |
| २ | ज्येष्ठ एकल महिला र विधवा | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ हालसालै खिचेको पासपोर्ट साईज एक प्रति फोटा<br>➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणको लागि निवेदन ( अनुसूची ४ )<br>➢ राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुप्रने छ |
| ३ | "क" वर्ग र "ख" वर्गका अपाङ्ग | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ हालसालै खिचेको पासपोर्ट साईज एक प्रति फोटा<br>➢ नागरिकता / जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणको लागि निवेदन ( अनुसूची ४ )<br>➢ राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुप्रने छ |
| ४ | दलित र क्षेत्र तोकिएका बालबालिका | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ हालसालै खिचेको पासपोर्ट साईज एक प्रति फोटा<br>➢ संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणको लागि निवेदन ( अनुसूची ४ )<br>➢ बालबालिकाको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि |

नोटः- तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगरे सामाजिक सुरक्षा भत्ता पाइने छैन ।

लोकेन्द्र बहादुर साउँद
सा.सु तथा पञ्जीकरण शाखा प्रमुख

धर्मराज खत्री
प्रमुख प्रशासकीय अधिकृत